ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ५, अंक २६३

२० असार २०७९ सोमबार

4 July 2022, Sunday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# नक्कली किसानको चेपुवामा सक्कली किसान




**खबर दर्पण समाचारदाता**

**असार १९ गते, महोत्तरी**

मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव नम्रता सिंहले सक्कली किसानहरू उपेक्षामा परेको बताएकी छिन् । सरकारले सक्कली किसानलाई पहिचान गर्न नसक्दा नक्कली किसानले फाइदा लिइरहेको सचिव सिंहको जिकिर छ ।

मन्त्रालयले बर्दिबासमा आयोजना गरेको कृषि पत्रकारितासम्बन्धी अभिमुखिकरणमा सचिव सिंहले भनिन्, 'सक्कली किसानको मार्कालाई मिडियाले उजागर गर्नुपर्छ ।' सरकारले घोषणा गरेको किसान परिचयपत्र समेत अलपत्र परेको बताउँदै मधेश प्रदेशमा यसलाई तत्काल कार्यान्वयन गर्नुपर्ने सिंहको जोड छ ।

प्रशोधक मिडियाको सहकार्यमा मधेश प्रदेशका आठै जिल्लाबाट सहभागी पत्रकारलाई कृषि पत्रकारिताका प्राविधिक पक्षमा स्पष्ट हुन पनि मन्त्रालयका कृषि विज्ञहरूले सुझाव दिए ।

वरिष्ठ कृषि, अर्थविज्ञ तथा मन्त्रालयका प्रवक्ता ललनकुमार सिंहले कृषिसम्बन्धी सूचना सम्प्रेषण गर्दा ध्यान दिनुपर्ने प्राविधिक पक्षको विषयमा जानकारी गराए । देशलाई समृद्ध बनाउनदेखि अर्थउपार्जनमा समेत कृषि क्षेत्र महत्वपूर्ण भएको हुनाले प्रवक्ता सिंहले कृषि पत्रकारितालाई फराकिलो बनाउन आग्रह गरेका छन ।

बर्दिबासको एक होटलमा आयोजना भएको उक्त अभिमुखिकरण कार्यक्रममा प्रशिक्षकको भूमिकामा भने वरिष्ठ पत्रकार अनिलकुमार कर्णले सहजीकरण गरेका थिए ।

# एनआइसी एसिया बैंकमा चोरी

**खबर दर्पण समाचारदाता**

**असार १९ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिका-५, महेन्द्रनगरमा रहेको एनआइसी एसिया बैंकमा शनिबार राति चोरी भएको छ । बैंकको पछाडि रहेको झ्याल फोडेर चोरी गरिएको शाखा प्रमुख रोशन र ायले बताए

बैंक म्यानेजर रायका अनुसार आज बिहान बैंकको ब्रान्डाको बत्ती नबलेको देखेर सुरक्षा गार्डले आइतबार बिहान थाहा पाएपछि आफूलाई जानकारी गराएको उहाँले जानकारी दिए ।

'चोरी घटनाबारे इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा जानकारी गराएको छ । बैंकभित्र रहेको जिन्सी सामानहरु चोरी भएको र बैंकको भित्र लकर तोड्न प्रयास गरिएको छ ।' शाखा प्रमुख रायले जानकारी दिए ।

बैंकमा चोरी भएको घटनाबारे अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जानकारी दिएको छ ।

# जानकी मन्दिरबाट हरायो अबौंको गरगहना



**खबर दर्पण समाचारदाता**

**असार १९ गते, जनकपुर**

जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले मन्दिरबाट अर्बौं रुपैयाँ बराबरको गहना हराएको खुलासा गरेका छन् ।

जानकी मन्दिरको सौन्दर्यीकरणको नाममा मधेस प्रदेश सरकारले भ्रष्टाचार गरेको आरोपसमेत उनले लगाए ।

जानकी मन्दिरको गरगहना हराउने डरले तत्कालीन राजा महेन्द्र शाहको आदेशमा २०२० सालमा जानकी मन्दिरका तत्कालीन महन्त रामशरण दास वैष्णवसँग लगत हिसाब गरी मन्दिरका हिरा, मोती, बहुमूल्य पत्थर, सुन र चाँदी काठमाडौं लगिएको थियो ।

तर वर्तमान महन्त रामतपेश्वर दासले मन्दिरको गरगहना जनकपुरधामवासीलाई दर्शन गराउन भन्दै माग गरेपछि गुठी संस्थानले जानकी मन्दिरका गर गहनाको अत्तोपत्तो नरहेको जवाफ दिएको बताइन्छ ।

महन्त रामतपेश्वरले अर्बौं मूल्य बराबरको जानकी महारानीको गर गहनाको खोजबिन गर्दा गुठी संस्थानले अरू मन्दिरको गरगहना सुरक्षित रहे पनि जानकी मन्दिरको गरगहना नभेटिएको जवाफ दिएको बताए ।

२०२० साउन १२ मा मन्दिरलाई कागज नै बनाएर तत्कालीन महन्त रामशरण दासबाट लगिएको गर गहनामा सुनका ५६ किसिमका २ किलो २४० ग्राम गरगहना छन् । ती गहनाहरूमा हिरा, मोती र बहुमूल्य पत्थर जडिएको उनको भनाइ छ ।

त्यस्तै २ किलो ८५० ग्राम चाँदीका ७७ किसिमका गरगहना थियो । चाँदीका गरगहनामा पनि हिरा, मोती र बहुमूल्य पत्थर जडिएको बताइन्छ । महन्त रामतपेश्वरका अनुसार गरगहनाहरूको जानकारी दिन पटकपटक ताकेता गर्दा र विभिन्न निकायमा धाउँदा समेत ठोस जानकारी दिइएको छैन ।

**गरगहना हराएको सम्बन्धी यस्तो छ प्रतिवेदन**

नेपाल सरकारद्वारा २०६२ साउन २६ मा भोजराज घिमिरेको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलद्वारा प्रस्तुत अध्ययन प्रतिवेदनमा उल्लेख भएअनुसार, जानकी मन्दिरको प्रशस्त जग्गा, जमिन र अन्य आय स्रोतसमेत रहे पनि मन्दिरको अवस्था दयनीय छ । विगतमा जानकी मन्दिरको शोभाका रूपमा रहेको गुम्बज र बुर्जामा प्रयोग गरिएका प्राचीन कलात्मक स्वर्ण गजुरहरू गायब भएको तथा मन्दिरको स्थापनाका समयमा र त्यसपछि पनि भगवान् राम, लक्ष्मण र जानकी मातालाई चढाइएका बहुमूल्य आभूषण गहनासमेत गुठी संस्थान केन्द्रीय कार्यालय काठमाडौं पुर्याइएको प्रतिवेदनमा जनाइएको छ ।

सो प्रतिवेदनमा 'ती बहुमूल्य गहना कहाँ र कुन अवस्थामा राखिएका छन्, त्यसबारे व्यापक जनचासो रहे तापनि सन्तोषजनक जानकारी प्राप्त नभएको' उल्लेख छ । मन्दिरको उत्तरतर्फको प्रवेशद्वारमाथि रहेको ढुंगाको कलात्मक सिंह जोडीको हिराजडित आँखा पनि निकालिएको भन्ने भनाइ रहेको उल्लेख गर्दै प्रतिवेदनमा मन्दिरका महन्तसँग गौलोचन, गजमणि, स्यालको सिङ रहेको तर, त्यसको कुनै अभिलेख नराखिएकाले व्यक्तिगत हुने बलियो सम्भावना व्यक्त गरिएको छ ।

**मन्दिर सौन्दर्यीकरणको नाममा अनियमितता**

मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत मन्दिरको सौन्दर्यीकरणको नाममा कमसल तथा गुणस्तरहीन निर्माण सामग्री प्रयोग गरी मन्दिरको स्वरूपलाई कुरुप बनाएर सरकारले नै भ्रष्टाचार गरेको आरोप मन्दिरका महन्त रामतपेश्वर दासले लगाए ।

उनले मुख्यमन्त्री स्वच्छता कार्यक्रमको नाममा गरिएको जानकी मन्दिर परिसर तथा मन्दिर भित्रको टाइल्स, मार्बल, गेट निर्माण तथा मर्मत सम्भारसहितका भएको सौन्दर्यीकरण र मधेस प्रदेश सरकारकै कार्यक्रम अन्तर्गत बृहत्तर क्षेत्र विकास परिषद्द्वारा गरिएको लाइट जडानमा समेत भ्रष्टाचार भएको दाबी गरे ।

उनले कमसल तथा गुणस्तरहीन सामग्रीको प्रयोग भएको कारण टाइल्स मार्बल फुट्न थालेको र लाइट बिग्रेको बताए । उनले मन्दिरको सौन्दर्यीकरणमा प्रदेश सरकारका मन्त्री, कर्मचारी र ठेकेदारले भ्रष्टाचार गरेको दाबी गरेका छन् ।

**बाँकी पेज २ मा**

**जानकी एकेडेमीक हस्पिटल प्रा.लि.**

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं. ९८५४०२१३९५, ९८०१६७१२५१**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# चुरेमा खहरे नियन्त्रण प्रभावकारी बन्दै



**खबर दर्पण समाचारदाता**

**असार १९ गते, ढल्केवर**

चुरे क्षेत्रको खहरेमा तटबन्ध निर्माणपछि वर्षाको बाढीसँगै बगेर जाने गिट्टी, बालुवा र माटो चुरे क्षेत्रमै रोकिएको छ । चुरे संरक्षण अभियन्ताका अनुसार भूमिगत जल भण्डारमा पनि वृद्धि भइरहेको छ। ‘चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई’ मूल नाराका साथ चुरे संरक्षण अभियानअन्तर्गत चुरे क्षेत्रमा खहरे तथा गल्छी नियन्त्रण गर्न निर्माण गरिएको भौतिक तथा जैविक तटबन्ध प्रभावकारी बन्दै गएको छ । राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति एकाइ कार्यालय जनकपुर र सामुदायिक सुधार केन्द्र धनुषाले धनुषाको मिथिला नगरपालिका-१०, लालगढस्थित बडहरी खोलाको सिरान तथा चुरे क्षेत्रको खहरेमा दुई वर्षअघि तटबन्ध निर्माण गरेपछि माटो र बालुवा बग्न रोकिएको छ ।

सामुदायिक सुधार केन्द्र धनुषाका अध्यक्ष सञ्जयकुमार साहका अनुसार तटबन्ध निर्माण भएको दुई वर्षमा दुई मिटर उचाइ, ५० मिटर चौडाइ र झन्डै दुई किलोमिटर लम्बाइसम्म माटो र बालुवा चुरे क्षेत्रमा रोकिएको छ । यो तटबन्ध नभएको भए यी सबै माटो र बालुवा बगेर जान्थ्यो र खेतीयोग्य जमिनलाई क्षति पुयाउँथ्यो, उहाँले भन्नुभयो । जम्मा भएर बसेको माटो र बालुवामा बाँसलगायत विभिन्न प्रजातिका बिरुवा रोप्ने उहाँले जानकारी दिनुभयो ।

यस्तै राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति कार्यान्वयन एकाइ जनकपुरले माटो, बालुवा तथा गेगरलाई चुरेमै रोक्न आफ्नो कार्य क्षेत्रभित्र पर्ने धनुषा, महोत्तरी, सर्लाही, रौतहट र सिन्धुली जिल्लाको चुरे क्षेत्रमा पर्ने खहरेमा तटबन्ध निर्माण गरेको छ। एकाइ कार्यालय जनकपुरका प्रमुख महेश ढुङ्गानाले चालू आर्थिक वर्ष २०७८/७९ मा मात्रै चुरे क्षेत्रको ४४ स्थानको खहरेमा तटबन्ध निर्माण गरिएको बताउनुभयो । चुरेका गल्छी तथा खहरेमा साना-ठूला तटबन्ध निर्माण गरिएको उहाँले जानकारी दिनुभयो ।

खहरे नियन्त्रणले चुरेको माटो चुरेमै रोकिनुका साथै चुरे क्षेत्रमा भइरहेको अत्यधिक भू-स्खलनलाई नियन्त्रण गर्न सहयोग पुगेको छ,, उहाँले भन्नुभयो, खहरे नियन्त्रण गर्न बनाइएका तटबन्धले चुरेको माथिल्लो क्षेत्रबाट बगेर आउने पानीको बहाव अस्थिर हुने र माटो तथा बालुवालगायतका नदीजन्य पदार्थलाई चुरेमै रोक्न मद्दत पुगेको छ । अहिले बाँधका कारण चुरेबाट हुने क्षति न्यून हुँदै गएको छ ।

बाँध निर्माण गरिएको स्थान तथा छेउमा बाँसको बिरुवालगायत विभिन्न प्रजातिको वृक्षरोपण गरिएको छ । खहरेको छेउमा यसरी बिरुवा रोप्दा खहरे फैलिन नपाउने र क्षति कम हुँदै यस क्षेत्र पुनः हरभरा जङ्गलका रूप विकास हुने जनकपुर एकाइका अधिकृत इन्जिनियर देवपुजन यादवले जानकारी दिनुभयो ।

# जानकी मन्दिरबाट हरायो...

जानकी मन्दिर सौन्दर्यीकरणको नाममा मधेस प्रदेश सरकारले टाइल्स मार्बल, मर्मत लगायतका लागि ७ करोड २० लाख रुपैयाँ छुट्याएको थियो ।

त्यस्तै गत आर्थिक वर्षमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले ११ करोड रुपैयाँको लागतमा मन्दिर भरि आकर्षक देखिने लाइट जडान गरेको थियो । सो लाइट दुई महिनामै बिग्रिएको थियो ।

**७८ लाख रुपैयाँ विद्युतको बक्यौता**

जानकी मन्दिरमाथि लाखौँ रुपैयाँको बक्यौता रहेको भन्दै नेपाल विद्युत् प्राधिकरण वितरण शाखा जनकपुर धामले २६ जेठसम्म रकम नबुझाइए मन्दिरको विद्युत् अवरुद्ध गरिने भनेर पत्र काटेको थियो । प्राधिकरणका प्रमुख लखनलाल मल्लिकले मन्दिरलाई जेठ २३ मा पठाएको पत्रअनुसार ०७९ साल वैशाख मसान्तसम्म विद्युत् महसुल जरिवानासहित कुल ७८ लाख १३ हजार २ सय ९७ रुपैयाँ तीन दिनभित्र भुक्तानी गर्न भनिएको छ ।

महन्त रामतपेश्वरले अहिले आएर विद्युत प्राधिकरणले मठ मन्दिरको विद्युत नै अवरुद्ध गर्ने धम्की दिएपछि बाध्य भएर विद्युत प्राधिकरणसँग प्रतिमहिना ३ लाख २७ हजार रुपैयाँ गरी दुई वर्षसम्म बक्यौता भुक्तानी गर्ने गरी सम्झौता गरेको बताए ।

महसुल तिर्नका लागि तीनवटै तहलाई गुहारेको र कुनै पनि तह तथा संघसंस्थाले सहयोग नगरेपछि बाध्य भएर सम्झौता गरेको उनको भनाइ छ । बृहत्तर जनकपुर विकासद्वारा प्रकाशित भोजराज घिमिरेको प्रतिवेदनमा मन्दिरको जग्गाको सवालमा जानकी मन्दिरको नाममा जनकपुरधाममा कति जग्गा थियो, सोमध्ये कति जग्गा मनखप, दोकानी, पूजामा, कति रैतानी नम्बरीमा परिणत र कति तैनाथी कायम रहेको श्रेस्ता उपलब्ध नहुनुले सम्पत्ति मासिँदै गएको उल्लेख छ ।

यसमा गुठी संस्थानले मन्दिरको नाममा रहेको सम्पूर्ण जग्गाजमिन, चलअचल सम्पत्ति रेखदेख गर्ने, सोको आम्दानी खर्च दुरुस्त राखी मन्दिर सुव्यवस्थित रूपमा परिचालन गर्न, मन्दिरको कुनै पनि सम्पत्ति बेचबिखन, दान दातव्य मनखपद्वारा कसैलाई पनि दिन नपाउने प्रक्रिया अनुरूप नै छुट गुठीभित्र राखी सोको जिम्मेवारी मन्दिरका महन्तलाई सुम्पेकामा महन्तहरूले यसलाई निजी किसिमले प्रयोग गरेपछि अन्योल सिर्जना गरेको प्रतिवेदनमा जनाइएको छ ।

साविकमा सो मन्दिरको जग्गा ५९८ बिघा १० कट्ठा ४ धुर थियो । यस पृष्ठभूमिमा जानकी मन्दिरको पुरानो श्रेस्ता गुठी संस्थान कार्यालय जनकपुरधाममा फेला नपरेको सो प्रतिवेदनले ध्यानाकर्षण समेत गराएको छ ।

प्रतिवेदनमा, ‘पुरानो श्रेस्ता अर्थात् विसं १९८३ को लगत गुठी संस्थान शाखा कार्यालयमा भेटिएको छैन । ०२९ सालमा तत्कालीन अञ्चलाधीश कार्यालय जनकपुरधामले जानकी स्थानका तत्कालीन महन्त (१३ औँ ) रामशरण दास वैष्णवबाट त्यस स्थानमा भएको जग्गाको फाँटवारी जमिन नगदीबाट हुने आयस्था माग गरकामा जानकी मन्दिरले पेस गरेको लगतलाई नै गुठीले आधिकारिक माने पनि विसं १९८३ मा जानकी मन्दिरको नाममा रहेको जग्गाको अवस्थाबारे यथार्थ श्रेस्ता उपलब्ध गराउन सकेको देखिएन,’ भनिएको छ ।

जानकी मन्दिरका १३ औं महन्त रामशरण दास वैष्णवले ०२९ सालमा तत्कालीन अञ्चलाधीश कार्यालय जनकपुरधाममा प्रस्तुत गरेको जग्गा फाँटबारीअनुसार जानकी मन्दिरको नाममा ९१ बिघा १८ कट्ठा ८ धुर जग्गाको लगत देखिएको छ ।

साविकमा उल्लेख भएबमोजिमको जग्गा महन्तहरूले के प्रयोजनमा प्रयोग गरे सो सम्बन्धमा गुठीमा कुनै श्रेस्ता नहुनुले पनि मन्दिरको जग्गा मासिने अवस्थालाई देखाएको प्रतिवेदनमा जनाइएको छ ।

२०२९ सालमा ५ बिघा १० कट्ठा २ धुर ४ कनमा जग्गा सट्टा भर्ना भई आएकोबाट जानकी मन्दिरको गुठीको नाममा ९७ बिघा ८ कट्ठा ८ धुर ४ कनमा भई केही वृद्धि भएको देखिएको छ । जानकी मन्दिरको केही जग्गा रेल्वे, जनकपुर चुरोट कारखाना लिमिटेड (हाल मधेस प्रदेश सरकार), परिक्रमा सडक र अस्पतालमा समेत गाभिएको देखिन्छ ।

महन्त रामतपेश्वरले जानकी मन्दिरको जग्गा बेचबिखन गरेको कुनै पनि सबुत कसैले प्रस्तुत गरिदिएमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको जनाए ।

जन्मदर्ता, मृत्युदर्ता, विवाहदर्ता जस्ता व्यक्तिगत घटनाहरु समयमै दर्ता गर्नु सबै सचेत नागरिकको कर्तव्य हो

**सबैला नगरपालिका**

सबैला, धनुषा

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**क्षीरेश्वरनाथ नगरपालिका कार्यालय,**

**महेन्द्रनगर, धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# महोत्तरीमा २५ प्रतिशत धान रोपाई सम्पन्न

**खबर दर्पण समाचारदाता**

**असार १९ गते, महोत्तरी**

महोत्तरीमा २५ प्रतिशत धान रोपाई सम्पन्न भएको कृषि ज्ञान केन्द्र महोत्तरीले जनाएको छ ।

यस पटक मनसुन पहिले नै आएपनि धानको वेड तयारी अवस्थामा नहुदा रोपाई अलिपछिमात्र सुरु गर्दा रोपाई प्रतिशत अपेक्षाकृत वढी नभएको कृषि ज्ञान केन्द्र महोत्तरी प्रमुख डा.रामचन्द्र यादवले वताए ।

उनले अहिले खेतमा पानी पर्याप्त रहेको हुँदा धान रोपाईले गति लिएको र दैनिक रोपाई प्रतिशत तिव्ररुपले वृद्धि भईरहेको बताए । महोत्तरीमा कुल जग्गाको ६७३५२ हेक्टर(६७ प्रतिशत) जग्गा खेती योग्य रहेकोमा सो मध्ये ४५५०० हेक्टर जग्गामा धान खेती भई रहेको कृषि ज्ञान केन्द्र महोत्तरीको तथ्यांक छ ।

महोत्तरीमा सरदर प्रति हेक्टर ३.५ मेट्रिक टन धान उत्पादन भैरहेको धान खेती हुने क्षेत्रफल र उत्पादन प्रतिशत समेत वढाउने लक्ष्य रहेको कृषि ज्ञान केन्द्र प्रमुख डा. यादवले वताए। उनले यहाँ उत्पादन हुने धानहरुमा बासमति, सावित्री,हर्दिनाथ १,२ ,स्वर्णा सव १,साँवा सव १, सुख्खा १,२ र ३, भारतिय जातमा सोना मन्सुली र कतरनी रहेको जनाए ।

नेपाल सरकारले धान बालीमा जैविक विविधताको उपयोग,आयात प्रतिस्थापनमा सहयोग भन्ने मुलनाराका साथ यसपालीको १९ औ राष्ट्रिय धान दिवस मनाएको छ।४५सय हेक्टर भन्दा वढी जग्गामा धान उत्पादन हुने गर`कोमा धान उत्पादन गर्ने कृषकहरु आकाशे पानीकै भर पर्ने गरेका छन्। धानवाली हुने खेतसम्म नहर तथा सिंचाईको कुलोको पहुच नहुदा किसानहरुले अपेक्षाकृत उत्पादन गर्न सकेका छैनन् ।

महोत्तरीमा सुचारु अवस्थामा रहेको कुल १६ विभिन्न सिंचाई आयोजनाबाट ६९९५ हेक्टर जग्गामात्र सिंचित हुन सकेको छ भने निर्माणाधिन अवस्थामा रहेको विभिन्न ९ सिंचाई आयोजनाले थप ५२३० हेक्टरजग्गामात्र सिंचित हुन सक्ने ज्ञान केन्द्र प्रमुख डा. यादवले वताए ।

उनले कृषि ज्ञान केन्द्रबाट कृषकलाई कृषिकर्ममा प्रोत्साहित गर्न सिंचाईको व्यवस्थापन देखि,विउ विजन वितरण तथा बजारिकरणको लागि विभिन्न सेड समेतको निर्माण गरिरहेकोमा ज्ञान केन्द्रको विभिन्न योजनाहरुबाट कृषकहरुले लाभ लिई रहेको बताए ।

# मिथिला नगरपालिकाद्वारा यौनिक अल्पसंख्यकहरूलाई सम्मान




**दिवेशकुमार महतो**

**असार १९ गते, ढल्केवर**

धनुषाको मिथिला नगरपालिकाले यौनिक अल्पसंख्यकहरुलाई सम्मान गरेको छ ।

नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले ढल्केवरमा एक कार्यक्रमको आयोजना गरि यौनिक अल्पसंख्यकहरुलाई सम्मान गरेको महिला विकास निरिक्षक भगवति गजुरेलले बताईन् ।

यसरी सम्मान पाउने यौनिक अल्पसंख्यकहरूमा निल हिरा समाज जनकपुरधाम का मुस्कान शर्मा, जुनु चौधरी, मालती महासेठ, जसोधा राई ,ममता याख, शान्ति यादव, छोटु साह (सत्यनारायण) र प्रदिप यादव रहेका छन् ।

यौनिक अल्पसंख्यकहरुको लागि पहिलो पटक मिथिला नगर पालिकाले आयोजना गरेको कार्यक्रममा नगर उपप्रमुख सुनिता सिंह बुढाथोकीले आफूपनि यस्तो किसिमको कार्यक्रममा पहिलो पटक सहभागी भएको बताईन् ।

उपप्रमुख बुढाथोकीले समाजमा पुरुष र महिला बाहेक तेस्रो लिङ्गी पनि रहेको हुँदा उनिहरुको पनि जिवन सहज बनाउनको लागि यस्ता किसिमको कार्यक्रमहरुको आयोजना हुनु पर्ने बताईन् । उनले तेश्रो लिंगीहरुलाई सामान्य जिवन यापनको लागि नगरपालिकाको तर्फबाट विभिन्न शिप मुलुक र रोजगार मुलक कार्यक्रमहरु ल्याउने बताईन् ।

कार्यक्रममा निल हिरा समाज जनकपुरधामका संयोजक प्रदिप यादवले यौनिक अल्पसंख्यक समाजमा अपहेलित भएर बस्नु परेकोले उनिहरुको मानव अधिकार र क्षाको लागि राज्यले विशेष पहल गर्नुपर्ने बताए। उनले यौनिक अल्पसंख्यकहरुलाई राज्यले उनिहरुले रोजेको लिंग अनुसारलाई आफ्नो पहिचान सहितको नागरीकता प्रदान गर्नु पर्ने बताए ।

बालविवाह नगरौं, नगराऔं

बाल बिवाह मुक्त समाज निर्माण गरौ

छोरीलाई दाइजो होइन , शिक्षा दिऔं ।

मधेश प्रदेश सरकार

आमसञ्चार प्राधिकरण

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

क्षीरेश्वरनाथ नगरपालिका कार्यालय,

महेन्द्रनगर, धनुषा

झाडापखाला सम्बन्धी जनचेतना मुलक सूचना ।

झाडापखाला सम्बन्धी जनचेतना मुलक सूचना ।

दिनमा ३ पटक भन्दा बढी दिशा लाग्नु । वान्ता हुनु । शरीरमा पानीको मात्रा कम हुँदै जानु । आँखा गड्ने । पिसाब थोरै हुने । बिरामी शिथिल हुँदै जाने । बच्चाले दूध चुस्न नसक्ने ।

झाडापखाला लागेमा रोकथामका उपायहरु :

- पुनर्जलीय झोल बनाएर खाने ।
- उमालेको पानी, भातको माड, दालको रस, गेडागुडी वा तरकारीको रस प्रशस्त मात्रामा खाने ।
- स्तनपान गराइरहेको शिशूलाई झाडापखाला भएमा धेरै पटक स्तनपान गराउने ।
- पाँच वर्ष मुनिका बालबालिकालाई स्वास्थकर्मीको सल्लाहमा पुनर्जलीय झोलसँगै जिङ्क चक्की खुवाउने ।
- पुनर्जलीय झोल खुवाउँदा पनि झाडापखाला निको नभएमा स्वास्थसंस्थामा लैजानुपर्छ ।
- रोगलागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु उत्तम मानिन्छ । स्वास्थ र सरसफाइमा ध्यान दिएमा झाडापखाला लाग्नबाट बच्न सकिन्छ ।

*यस्ता लक्षण देखिनु झाडापखालाको लक्षण हो । झाडापखाला भएका बिरामीले समयमा उपचार नपाएमा बिरामीको मृत्यु समेत हुनसक्छ । त्यसैले झाडापखाला लागेमा उपचार गर्नुपर्छ । झाडापखालाको उपचार घरमै पनि गर्न सकिन्छ ।*

झाडापखाला लाग्नबाट कसरी बच्ने ?

- साबुन पानीले मिचिमिचि हात धुने बानी बसाल्ने ।
- राम्ररी पाकेको खानेकुरा खाने ।
- ताजा खानेकुरा मात्र खाने ।
- खानेकुरालाई झिंगा, धुलोबाट सुरक्षित राख्ने ।
- काँचै खाने तरकारी तथा फलफूल राम्रोसँग पकाएर खाने ।
- पानी शुद्धिकरण गरेर मात्रै पिउने ।
- शौचायलमा मात्र दिसापिशाब गर्ने ।
- फोहरमैलालाई उचित तरिकाले विसर्जन गर्ने ।

बर्दिवास नगरपालिका

बर्दिवास, महोत्तरी

❖ सबै जनता सबै दल, सरसफाईमा लगाऊ बल ।

❖ एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त क्षेत्र बनाउ हामी मिली सारा ।

❖ सरसफाईमा एक रुपैयाँको लगानीले आठ रुपैयाँसम्मको प्रतिफल प्राप्त हुन्छ ।

चर्पी बनाउ र प्रयोग गरौं ।

खानेपानी तथा ऊर्जा विकास मन्त्रालय,

मधेस प्रदेश,जनकपुरधाम

वन पैदाबार जडीबुटीको अबैध ओसार पोसार र जीवजन्तुको अबैध सिकार नगरौँ । यस्ता कार्य गर्नेलाई कानुन अनुसार कारवाही गरिनेछ । वातावरणलाई सन्तुलनमा राख्न खाली ठाउँहरुमा वृक्षा रोपण गर्नेगरौं । वन जंगल डढेलोबाट जोगाउँ वन अतिक्रमण गर्ने कार्य कानुन विपरित हो । त्यस्ता कार्य गर्नेलाई चेतना प्रदान गरौँ ।

उद्योग,पर्यटन तथा वन मन्त्रालय

मधेश प्रदेश,जनकपुरधाम

# लोककल्याणकारी विज्ञापन तथा पत्रकार बिमा कार्यविधि स्वीकृत

खबर दर्पण समाचारदाता

**असार १९ गते, जनकपुर**

मधेस प्रदेश सरकारले सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन वितरण गर्ने भएको छ। मधेस प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले 'मधेस प्रदेश लोककल्याणकारी विज्ञापन व्यवस्थापन कार्यविधि-२०७९ 'र 'मधेस प्रदेश पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि-२०७९' स्वीकृत गरेसँगै विज्ञापन वितरणको बाटो खुला भएको हो।




गृह तथा सञ्चार मन्त्रालयअन्तर्गतको आमसञ्चार प्राधिकरण मधेस प्रदेशले प्रदेशका आठवटै जिल्लाबाट पत्रपत्रिका, टेलिभिजन, रेडियो/एफएम र अनलाइन सञ्चारमाध्यमलाई मधेस प्रदेश सरकारको लोकहितका विज्ञापन एवं सूचना लोककल्याणकारी विज्ञापनको रूपमा विरतण गर्न लागेको छ। यसका लागि सञ्चारमाध्यमलाई सूचीकृत गराउन आवेदन आह्वान गरेको र आवेदन आएलगत्तै तीन-चार दिनभित्रै सञ्चारमाध्यमलाई लोकल्याणकारी विज्ञापन उपलब्ध गराइने आमसञ्चार प्राधिकरण मधेस प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिनुभयो।

केही महिनाअघिदेखि नै लोककल्याणकारी विज्ञापन वितरणको तयारी गरिए पनि मन्त्रिपरिषद्बाट कार्यविधि स्वीकृत हुन ढिलाइ भएको र कर्मचारी आभावलगायतका कारणले केही समय ढिलाइ भएको उहाँले बताउनुभयो। लोकल्याणकारी विज्ञापनको सबै तयारी भइसकेको र केही दिनभित्रै सबै सञ्चार माध्यमलाई त्यो उपलब्ध गराइने उहाँको भनाइ छ। त्यस्ता विज्ञापन एवं सूचना सञ्चारमाध्यमले प्रकाशन-प्रसारण गरेवापत आमसञ्चार प्राधिकरणबाट कार्यविधिमा तोकिएबमोजिम भुक्तानी उपलब्ध गराइने अध्यक्ष यादवले जानकारी दिनुभयो।

यसैगरी पत्रकार स्वास्थ्य र दुर्घटना बीमा कार्यविधि स्वीकृत भएपछि प्रदेशका जिल्लालाई कार्यक्षेत्र बनाएर निरन्तर पत्रकारिता गर्दै आएका पत्रकारहरू बीमा कार्यक्रमबाट लाभ लिने बाटो खुलेको छ। बीमामा सहभागी पत्रकारले वर्षमा एकपटक रु एक लाखसम्मको औषधोपचार खर्च पाउने र रु सात लाखसम्मको दुर्घटना बीमा प्राप्त गर्ने कार्यविधिमा व्यवस्था गरिएको छ।

# बागमती नदीले बगाएर बेपत्ता दुई भारतीय युवकको शव भेटियो

खबर दर्पण समाचारदाता

**असार १९ गते, सर्लाही**

सर्लाही र रौतहटको सीमा भएर बग्ने बागमती नदीले बगाएर बेपत्ता दुई भारतीय युवकको आइतबार दिउँसो शव फेला परेको छ।

रौतहटको चन्द्रपुर नगरपालिका-१, मा पर्ने पर्यटकीय क्षेत्र नुनथर घुम्न आएका भारतीय युवक ३० वर्षीय मयङ्क अग्रवाल र सोही उमेरका गोलुकुमार शनिबार साँझदेखि बागमती नदीमा बेपत्ता हुनुहुन्थ्यो।

भारतको सीतामढी कोट बजारका मयङ्क र गोलुकुमार दुवैको शव आइतबार दिउँसो २ बजेतिर रौतहटको चन्द्रपुर नगरपालिका वडा नम्बर ९ र रौतहटकै वृन्दावन नगरपालिका वडा नम्बर १ को सीमा क्षेत्रस्थित बागमती नदीमै फेला परेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक सन्तुलाल जैसवारले जानकारी दिनुभयो।

नुनथरमा घुम्न आएका मयङ्क र गोलुकुमारलाई नदीले बगाएको स्थानभन्दा झण्डै १५ किलोमिटर दक्षिण एकै ठाउँमा शव फेला परेको प्रनाउ जैसवारले बताउनुभयो। आइतबार दिउँसो स्थानीयले मृतक दुवैको शव देखेपछि प्रहरीमा खबर गरेका थिए।

बीआर ०१ एचएफ ६६१९ नम्बरको मोटरसाइकलमा नुनथर घुम्न आएका भारतीय पौडी खेल्नेक्रममा नदीमा डुबेर बेपत्ता भएका थिए। मयङ्क र गोलुकुमार सँगै घुम्न आएका २७ वर्षीय सुमन साहको भने स्थानीयले तत्कालै उद्धार गरेका थिए।

प्रो. अशोक कुमार महतो मो. ९८०७६७६८२० प्रो. बेचन महतो मो.९८०७६९०२०९, ९८४३११८५३५

**रूफटप होटल एण्ड गेष्ट हाउस**

मिटिङ्ग हल, पार्टी पैलेश

गौशाला नगरपालिका- २, निगौल (नर्सिङ्ग पेट्रोल पम्पको अगाडी)



यहाँ मासु फ्राई, माछा फ्राई, नस्ता (खाजा), खाना, सेकुवा तन्दुरी रोटी, पनिर, शाही ललिपप चिकेनचिल्ली, रोस्ट, छोले भटुरे ईत्यादी पाउनुको साथै गेष्ट हाउस र शादी विवाह तथा अन्य शुभ कार्यका लागि मिटिङ्ग हल, पार्टि पैलेशको व्यवस्था छ। साथै होम डिलेभरिको व्यवस्था पनि छ।

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं। शिक्षा दिएर असल नागरीक बनाऔं।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो।

**मठिहानी नगरपालिका कार्यालय**

महोत्तरी

**आगलागि भएमा सम्पर्क गरौं**

**जनकपुरधाम उप महानगरपालिकाको अकास्मिक सेवा वारुण यन्त्र शाखाको सम्पर्क नम्बर ९८५४०२००४ र ०४१-५२००११ मा आगलागी भएका सम्पर्क गर्न हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ।**

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा

**सार्वजनिक हितमा जारी सन्देश**

- आ-आफ्नो बालबालिका जन्मेको ३५ दिन भित्र सम्मन्धीत वडा कार्यालयबाट जन्मदर्ता बनाऔं।
- सार्वजनिक सम्पतीको सबैको साँझा सम्पती र धरोहर हो सबै मिलेर सुरक्षा गरौं। विनास हुनबाट बचाऔं।
- वर्षायाम सुरु भएकोले घर बाहिर निस्किदा विहान र बेलुका टर्च लाईट र लठ्ठी लिएर मात्र निस्किनुहोस्।
- जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं।
- सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं। भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं।

**औरही नगरपालिका कार्यालय**

महोत्तरी

बालबालिकाहरुलाई अनिवार्य विद्यालय पठाऔं। शिक्षा दिएर असल नागरीक बनाऔं।

महिला,बालबालिका,युवा तथा खेलकुद मन्त्रालय

मधेस प्रदेश, जनकपुरधाम

**सवारी दुर्घटना हुन नदिन सावधान**

- सवारी साधन चलाउनु अघि सवारीको अवस्थाबारे जाँच गरौं।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं।
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं।
- अनियन्त्रित र तीव्रगतिमा सवारी साधन नचलाऔं।
- चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा तुरुन्त प्रहरीलाई खबर गरौं।
- सवारी साधनको नियमित मरम्मत सम्भार गरौं।

**मधेश प्रदेश सरकार**
**आमसञ्चार प्राधिकरण**

यौन दुराचारी जहाँ पनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र समेत रहौं
आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गृह तथा सञ्चार मन्त्रालय**

मधेस प्रदेश, जनकपुरधाम

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा